
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २५३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असोज १० गते सोमबार ❑ 26 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## आचारसंहिता इमान्दारीपूर्वक पालना गर्न/गराउन प्रतिबद्ध छौँ : सरकार र दल

**रासस**
**काठमाडौं, ९ असोज**

नेपाल सरकार र राजनीतिक दलबाट आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका सन्दर्भमा जारी हुने निर्वाचन आचारसंहिता इमान्दारीपूर्वक पालन गर्ने प्रतिबद्धता जाहेर भएको छ।

निर्वाचन आयोगले प्रधानमन्त्री, गृहमन्त्री र राजनीतिक दलका अध्यक्ष एवं प्रतिनिधिलाई बोलाएर निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयमुक्त वातावरणमा सम्पन्न गर्न गराउन आचारसंहिता पालनाका लागि प्रतिबद्धता लिएको हो।

प्रतिबद्धतापत्रमा भनिएको छ, "संविधान, निर्वाचन आयोग ऐन, राजनीतिक दलसम्बन्धी ऐन, निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, प्रदेशभा सदस्य ऐन र निर्वाचन आचारसंहिता, २०७९ भएका प्रावधानहरू इमान्दारीका साथ पालना गर्न गराउन हामी प्रतिबद्ध छौँ।" प्रतिबद्धतापत्रमा नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा (एमाले)का उपाध्यक्ष सुवास नेम्वाङ, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, नेकपा (माओवादी केन्द्र) का नेता लीलामणि पोखरेल, राष्ट्रिय जनमोर्चाकी नेत्री दुर्गा पौडेल, लोकतान्त्रिक समाजवादी पार्टीका नेता केशव झालगायतले प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्नुभएको छ। आयोगले जनता समाजवादी पार्टी, विवेकशील साझा पार्टी, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नेपाल सङ्घीय समाजवादी पार्टी र नेपाल मजदुर किसान पार्टीलाई प्रतिबद्धता पत्रमा हस्ताक्षरका लागि आमन्त्रण गरेको थियो। निर्वाचन आचारसंहिता केही दिनभित्रै जारी गर्ने तयारी भइरहेको सन्दर्भमा आयोगले राजनीतिक दललाई बोलाएर प्रतिबद्धता लिएको हो। निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले दलहरूबाट निर्वाचन आचारसंहिता पालना गर्ने गराउने विषयमा प्रतिबद्धता जाहेर भएको बताउनुभयो। नेकपा (माओवादी केन्द्र)का नेता पोखरेलले निर्वाचन आयोगले जारी गर्न लागेको निर्वाचन आचारसंहिताका विषयमा केही सुझाव दिनुका साथै प्रतिबद्धता पत्रमा हस्ताक्षर भएको जानकारी दिनुभयो।

राजनीतिक दलले निर्वाचन प्रचारप्रसारको समय अपुग हुने भएकाले केही समय बढाउन माग गरेको बताइएको छ। प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फ यही असोज २ र ३ गते उम्मेदवारको बन्दसूची पेश भइसकेको छ भने पहिलो हुने निर्वाचित हुनेतर्फ भने यही असोज २३ गते उम्मेदवारको मनोनयन पत्र दर्ता हुने निर्वाचन कार्यक्रम छ। प्रतिनिसभा सदस्य २७५ र प्रदेशसभा सदस्यतर्फ ५५० सिटका लागि निर्वाचन हुन लागेको हो।

## देशको नेतृत्व गर्ने इच्छा छ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, ९ असोज**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले एकपटक देशको नेतृत्व गर्ने इच्छा रहेको बताउनुभएको छ।



गृहजिल्ला तनहुँको दमौलीमा आइतबार उद्योगी व्यवसायीसँग आयोजित अन्तर्क्रियामा वरिष्ठ नेता पौडेलले देशको नेतृत्व गरेर जनताको सेवा गर्ने इच्छा रहेको बताउनुभयो। "कार्यकारी पदमा रहेर काम गर्ने इच्छाशक्ति र सहास मसँग छ", पौडेलले भन्नुभयो, "मङ्सिर ४ गते हुने निर्वाचनमा तनहुँबाट उम्मेदवार बन्ने भएकाले मलाई यसपटक सहयोग गर्नुहोस्।" वरिष्ठ नेता पौडेलले कांग्रेसको १४औँ महाधिवेशनमा प्रधानमन्त्री शेरबहादुर देउवाले भेटेर देशलाई तपाईको आवश्यकता छ, स्वास्थ्य ठीक राख्नुस् भनेको स्मरण गर्नुभयो।

निर्वाचनको दिन नजिकिँदै गरेकाले कांग्रेसको नेतृत्वमा रहेको गठबन्धनका उम्मेदवारलाई विजयी गराउने हिसाबले तयारी गर्न पौडेलले आग्रह गर्नुभयो। "गठबन्धन देशको आवश्यकता हो, संविधान र लोकतन्त्र बचाउनका लागि गठबन्धन गरेका हौं, गठबन्धनलाई सफल बनाउनुपर्छ", उहाँले भन्नुभयो। कांग्रेसभित्रका नेताहरुलाई पनि व्यवस्थापन गरेर निर्वाचनमा जाने पौडेलको भनाइ थियो। छलफलमा सहभागी व्यवसायीले जिल्लामा ठूलो उद्योग स्थापना गर्नेतर्फ ध्यान दिन पौडेलको ध्यानाकर्षण गराउनुभयो। जनताका कुरा सुन्न सधैँ जनताका माझ जानुपर्ने बताउँदै व्यवसायीले तनहुँमा कांग्रेसका नेताबीच देखिएको बेमेलले कांग्रेस कमजोर रहेको बताएका थिए।

## व्यवसायीहरुलाई सुरक्षा र सहजता प्रदान गर्न पोउवा संघको माग

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ असोज**

पोखरा उद्योग वाणिज्य संघले चाडपर्वमा उद्योगी/व्यवसायीहरुलाई सुरक्षा र सहजता प्रदान गर्न सरोकारवालासँग आग्रह गरेको छ।



संघका अध्यक्ष पवनकुमार प्रजापति नेतृत्वको प्रतिनिधिमण्डलले आइतबार कास्कीका प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसी तथा कास्की प्रहरी प्रमुख अजय केसीलाई भेटेर सो आग्रह गरेको हो। भेटका अवसरमा संघका अध्यक्ष प्रजापतिले चाडबाडको बेला हुने किनमेललाई सहजता प्रदान गर्न आग्रह गर्दै भने, 'चाडबाडमा किनमेल गरिएका सामान बोक्ने गाडीहरुलाई मुख्य सडक क्षेत्रमा सहजतासाथ प्रवेश गर्ने वातावरण निर्माण होस्, अत्यावश्यक सामान वितरण गर्ने गाडीलाई अवरोध नगरियोस्।' उनले न्यूरोड क्षेत्रमा भएका फर्निचर तथा इलेक्ट्रोनिक्स सामग्री पसलहरुले बिक्री गरिएका सामान ग्राहककहाँ पुर्‍याउन समस्या भोगेको गुनासो सम्वोधनको आग्रह पनि गरे। चाडबाडमा व्यवसायीहरुले सहजता महशुस गरे राजश्व बृद्धिमा पनि सहयोग पुग्ने उनको भनाइ थियो। अध्यक्ष प्रजापतिले बजार अनुगमनको नाममा व्यवसायीहरुको मानमर्दन नगर्न तथा एकद्धार प्रणालीबाट अनुगमन गर्न आग्रह पनि गरे।

जवाफमा कास्कीका प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसीले आफू निजी क्षेत्रको मागप्रति सकारात्मक भएको प्रतिक्रिया दिए। उता, कास्की प्रहरी प्रमुख अजय केसीले दशैं तिहार लक्षित सुरक्षा योजना निर्माण भएको र त्यसले व्यवसायीहरुका माग संवोधन गर्ने बताए। प्रतिनिधिमण्डलमा संघका निवर्तमान अध्यक्ष नारायण कोइराला, वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्की, महासचिव बलराम आचार्य, कोषाध्यक्ष दिनेश बास्तोला, उपमहासचिव शोभा पौडेल र कार्यसमिति सदस्य जीवनकाजी श्रेष्ठ सहभागी थिए।

## बाल गोपाल भजन कृतन सेवा समितिमा २७ युनिट संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ असोज**

पोखरा महानगरपालिका वडा नं १३ स्थित बाल गोपाल भजन कृतन सेवा समितिको आयोजनामा भएको खुल्ला रक्तदान कार्यक्रममा २७ युनिट रगत संकलन भयो।



नेपाल रेडक्रस कास्की जिल्लाका सभापति डोलराज पाण्डेले पहिलो रक्तदाता तथा वाल गोपाल यूवा समितिका अध्यक्ष धिरज ढेवाजूलाई ब्लड व्याग प्रदान गरेर कार्यक्रम सुरु गरिएको थियो।

२९ पटक रक्तदान गरेका समाजसेवी उत्तम कुमार ढेवाजूले सोही कार्यक्रममा ३० औ पटक रक्तदान गरे। बाल गोपाल भजन कृतन सेवा समितिका अध्यक्ष डम्बर वहादुर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा भद्रकाली माविका प्रधानाध्यापक राजेन्द्र भण्डारी, गौडाकोमुख टोल विकास संस्थाका अध्यक्ष इन्सपेक्टर मानकाजी गुरुङ लगायत वोलेको कार्यक्रममा समितिका सल्लाहकार रामगोपाल ढेवाजूले स्वागत र बाल गोपाल भजन कृतन सेवा समितिका सचिव माधव नारायण श्रेष्ठले संचालन गरेका थिए।

## नवौँ राष्ट्रिय खेलकुदअन्तर्गत कराँतेको प्रतिस्पर्धा पर्वतमा हुने

**पोखरापत्र संवाददाता**
**पर्वत, ९ असोज**

गण्डकी प्रदेशमा आयोजना हुन लागेको नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गतको कराँते खेलको प्रतिस्पर्धा पर्वत जिल्लामा गराइने भएको छ।

जिल्ला खेलकुद विकास समिति पर्वतले पत्रकार सम्मेलन कार्यक्रम गरेर कराँतेको प्रतिस्पर्धाका बारेमा जानकारी गराएको हो। 'एकताबद्ध देश, खेलकुदको सन्देश' भन्ने नाराका साथ हुन लागेको प्रतियोगितामा सात प्रदेशका सातओटा टोली, विभागीयअन्तर्गत नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोली तथा एनआरएनको एक टोली गरेर ११ टोलीका खेलाडीहरू पर्वतमा भिड्ने भएका छन्।

एउटा टोलीमा ३२ जना खेलाडीका दरले कूल तीन सय ५२, एक टोलीमा दुई प्रशिक्षक र दुई व्यवस्थापक गरेर चार जनाका दरले कूल ४४, देश तथा देश बाहिरबाट आउने निर्णायकहरू ७५, व्यवस्थापनका लागि स्थानीयबाट लिइने २५ सहित प्राविधिक र अन्य जनशक्तिसहित करिब छ सयजनाको सहभागिता रहने छ। यही असोज २८ देखि कात्तिक २ गतेसम्म गरी पाँच दिनमा खेलहरू सम्पन्न गर्ने तयारी गरिएको नेपाल कराँते महासङ्घ नेपालका अध्यक्ष दावा गुरुङले बताउनुभयो। प्रतिखेलाडीले प्रतिदिन रु दुई हजारका दरले भत्ता पाउने र आउँदाजाँदा भएको खर्च पनि दिने गरी व्यवस्थापन गरिएको उहाँको भनाइ छ। "हामीले पाँच दिनमा कराँतेको संस्करण पूरा गर्ने गरी तयारी गरिरहेका छौँ।"

पर्वत जिल्लाका कराँते संयोजक राम श्रेष्ठका अनुसार खेलको तयारीस्वरूप अहिले कुश्माको बडागाउँस्थित सेमी कभर्ड हलमा कराँतेको प्रतिस्पर्धा हुनेछ। अहिले खेल हुने स्थान आसपासको व्यवस्थापन गर्ने, सरसफाइ गर्नेलगायतका कामहरू भइरहेको उहाँले बताउनुभयो।

"कराँते खेलका लागि स्थानको व्यवस्थापनका लागि आवश्यकताअनुसार इञ्जिनियरको टोली पनि आउने छ", संयोजक श्रेष्ठले भन्नुभयो, "हामीले खेललाई सफल पार्न, खेलाडीहरूलाई कम्तीमा पनि पर्वतको मायाको चिनो दिनेलगायतका कुरामा सघाउन स्थानीय तहहरूसँग कुराकानी गरिरहेका छौँ।"


**उत्पादन बढाऔं र औद्योगिकीकरणमा सहयोग गरौं**

◆ विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं।
◆ देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
◆ आर्थिक मितव्ययी बनौ, फजुल खर्च नगरौं।
◆ रकम बचत गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।
◆ स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
◆ आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुर्‍याऔं।


नेपाल सरकार
विज्ञापन बोर्ड



**हार्दिक बधाई एवं शुभकामना**


**श्री उपेन्द्र पौडेल**

यस कलेजका संचालक तथा मानविकी सकायका संयोजक **श्री उपेन्द्र पौडेलज्यू** पोखरेली युवा सांस्कृतिक परिवारको अध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा **हार्दिक बधाई** सहित सफल कार्यकालको शुभकामना सहित उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**प्रा. डा. विश्वकल्याण पराजुली**
**अध्यक्ष तथा**
**लेकसिटी कलेज एण्ड रिसर्च सेण्टर परिवार**
पोखरा-४, गैह्रापाटन, फोन : ०६१-५८१२२१

# विश्व पर्यटन दिवसमा रेवान पोखराले एक दिने सडक महोत्सव गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ असोज**

विश्व पर्यटन दिवस सेप्टेम्बर २७ का दिन पोखरामा एक दिने सडक महोत्सव हुने भएको छ।

रेष्टुरेन्ट एण्ड बार एशोसिएशन (रेवान) पोखराले असोज ११ गते पर्यटन दिवसको दिन सडक महोत्सव गर्न लागेको हो । 'पर्यटनमा पुनविचार गरौ' भन्ने नारा सहित यस वर्ष पर्यटन दिवस मनाउन लागिएको रेवानले आइतबार पोखरामा पत्रकार सम्मेलन मार्फत जानकारी गराएको हो। हरेक वर्ष गर्दै आएको एक दिने सडक महोत्सव यस वर्ष लेकसाइड क्षेत्रको फिस्टेल गेट देखी वाराहीचोकसम्मको क्षेत्रमा बेलुका पाँचबजे देखि राती १० बजेसम्म गर्न लागिएको रेवानका महासचिव एवम कार्यक्रम संयोजक विकास भट्टराईले जानकारी दिनुभयो।

उहाँका अनुसार नेपाल पर्यटन




बोर्डको प्रवर्द्धनमा हुन लागेको उक्त महोत्सवमा विभिन्न सांगीतिक कार्यक्रमका साथै स्वदेशी तथा विदेशी खानाका परिकार प्रस्तुत प्रस्तुत गरिनेछ भने जातीय भेषभुषा सहितको सांस्कृतिक नृत्य, गन्धर्व गायन, नेवारी लाखे नाँच, पञ्चे बाजा र साहसिक खेलकुद तथा पर्यटकीय आकर्षण वृत्तचित्रको प्रदर्शनी गरिनेछ । आर्थिक विकासको प्रमुख आधार रहेको पर्यटनलाई विभिन्न पक्षसँग जोडेर पर्यटकीय गतिविधिकमा जोड दिन आवश्यक रहेको जनाउँदै अब पर्यटनलाई परम्परागत भन्दा नविनतम् सोचबाट पुनविचार गरेर अगाडि बढाउनु पर्ने रेवानका कार्यबहाक अध्यक्ष विश्व पौडेले बताउनुभयो। उहाँले देशमा रहेका सम्पूर्ण मूर्त अमूर्त रुपमा रहेका सांस्कृतिक सम्पदाहरुको संरक्षण सम्बर्द्धन र विकास गर्दै आर्थिक उपार्जनमा जोडेर जानु पर्ने र यसमा मिडियाकर्मीको प्रवर्द्धनात्मक भूमिका महत्वपूर्ण रहेको धारणा राख्नुभयो।

सोही अवसरमा पोखरा पर्यटन परिषदले पनि 'पोखरा अन्तराष्ट्रिय एयरपोर्ट र विश्व पर्यटन बजार' विषयमा कार्यक्रम गर्न लागेको परिषदका महासचिव सञ्जयकान्त सिग्देलले जानकारी दिनुभयो । उहाँले पोखराको पर्यटनलाई विश्व बजारमा पुर्‍याउनका लागि छिमेकी मुलक भारतका विभिन्न शहरबाट १० जना पत्रकारलाई पोखरामा पर्यटकिय गन्तब्यको स्थलगत भ्रमण गराउने र अन्तराष्ट्रिय उडान गरेका एयरलाइन्सका 'कन्ट्रि म्यानेजर' हरुसँग अन्तरक्रिया गर्ने कार्यतालिका रहेको बताउनुभयो। उहाँका अनुसार अहिले करिब २४ वटा एयरलाइन्सले अन्तराष्ट्रिय उडान गर्दै आएका छन्। ति मध्ये १० एयरलाइन्सको प्रतिनिधि कार्यक्रमका सहभागि जनाउने छन् । नेपालको आर्थिक विकासका लागि पर्यटनको महत्वपूर्ण योगदान रहेको जनाउँदै पर्यटन दिवसमा पोखराका पर्यटन सम्बद्ध संघसंस्थाहरुले पनि क्षेत्रगत रुपमा विभिन्न कार्यक्रमहरु तय गरेका छन्।



भद्रकालीको शुभकामना साथै नृत्यः पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली माविमा अध्ययनरत विद्यार्थीहरु वीच जमारा र टिका लगाउँदै एक सय भन्दा बढि विद्यार्थीहरुको सहभागितामा नृत्य कार्यक्रम आइतवार सम्पन्न भयो। कक्षा ११ मा पत्रकारिता अध्यनरत सन्ध्या राईको समुह नृत्य प्रस्तुत गर्दै। फोटोः राज कुमार अर्यान।

# जनप्रिय क्याम्पसमा शुभकामना आदनप्रदान

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ असोज**

जनप्रिय बहुमुखी क्याम्पसले आसन्न दसैं, तिहार, नेपाल सम्बत् छठ पर्वको सन्दर्भमा शुभकामना आदनप्रदान तथा चियापान कार्यक्रम सम्पन्न गरेको छ।

क्याम्पस व्यवस्थापन समितिका उपाध्यक्ष बीरबहादुर अधिकारीले शैक्षिक संस्थालाई गतिशील र जीवन्त बनाउन प्राध्यापक तथा कर्मचारीको भूमिका अहम् हुन्छ । आफ्नो कर्तव्य सही तरिकाले निर्वाह गरेमा क्याम्पसको उन्नति र प्रगति हुने हुँदा यसैलाई शुभकामना मान्न आग्रह गरे । क्याम्पस प्रमुख लोकराज भण्डारीले शुभकामना मन्तव्य दिंदै भने ' मानित विश्वविद्यालयतर्फ उन्मुख क्याम्पसको साखलाई कायम राख्ने दायित्व शिक्षक कर्मचारीको हो ।' भण्डारीले पेसागत मर्यादालाई ख्याल गर्दै गुणस्तरमा संभ्कौता नगर्नु नै असल शिक्षकको भूमिका भएकोले १ मिनेट समय पनि ढिलो नगर्न आग्रह गरे । शुभकामना आदनप्रदान कार्यक्रममा क्याम्पस सञ्चालक समितिका सदस्य सोमनाथ बरालले विगत ३१ वर्षदेखि समुदायमा आधारित क्याम्पसले आर्जन गरेको गरिमा गौरव गर्न लायक भएको बताए। क्याम्पसलाई केन्द्रमा राखेर काम



गर्ने प्राध्यापक कर्मचारीको जरुर भलो हुने हुँदा चौतर्फी धाउँदा हुने सास्तीको अन्त्य गर्ने जनाए। क्याम्पस व्यवस्थापन समितिका सदस्य तथा पूर्व कोषाध्यक्ष जनकराज पराजुलीले सामुदायिक क्याम्पसको गुणस्तर कायम राख्न शिक्षक कर्मचारीको अहम् भूमिका हुने बताए।

जनप्रिय बहुमुखी क्याम्पसले त्रिभुवन विश्वविद्यालयको सम्बन्धन र विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर मान्यता प्राप्त गरेको छ। मानित विश्वविद्यालयको गोरेटोमा अगाडि बढेको जनप्रियले आफ्नै पहलमा पाठ्यक्रम तयार गरी स्वयत्त कार्यक्रम अन्तर्गत एमविए इन हस्पिट्यालिटी र स्नातकतह पर्वतीय पर्यटन व्यवस्थापन (बिएमटिएम) को शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको छ । क्याम्पसमा प्रात र दिवा सत्रमा ५ हजार ५ सय भन्दा बढी विद्यार्थी अध्ययन गर्छन् जनप्रियले देशभरिका १ हजार ९६ सामुदायिक क्याम्पस मध्ये २०७२ र २०७३ मा शिक्षामन्त्रालयबाट उत्कृष्ट क्याम्पसको पुरस्कार पाइसकेको छ । विश्वविद्यालय अनुदान आयोगको छनौटमा परेको जेएमसीले दुई पटक गुणमापन तथा प्रत्यानको प्रमाणपत्र पाएर गुणस्तर सुनिश्चितताको कसीमा सर्वोकृष्ट ठहरिएको छ । क्याम्पसमा १ सय ५० प्राध्यापक र ३९ जना कर्मचारी कार्यरत छन् । यही असोज ११ गतेदेखि कार्त्तिक १३ गतेसम्म प्राध्यापक र विद्यार्थीका लागि क्याम्पसले दसैंतिहार, छठको छुट्टी दिए पनि प्रशासनिक काम भने यथावत् सञ्चालन हुने जानकारी सहायक प्रशासक महादेवकुमार पालिखे दिए।

स्थायी प्राध्यापक मञ्च जनप्रिय बहुमुखी क्याम्पस एकाई समितिको आयोजनामा शुभकामना आदनप्रदान तथा चियापान कार्यक्रम भएको हो। मञ्चका सभापति टोपलाल खनालको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन मञ्चका सचिव तथा अङ्ग्रेजी विभाग प्रमुख राजेन्द्र पौडेलले गरेका थिए।

# निर्वाचन खर्चको विवरण सार्वजनिक गरिने

**पोखरापत्र संवाददाता**
**काठमाडौं, ९ असोज**

राष्ट्रिय सूचना अयोगले आगामी मङ्सिर ४ गते हुने सङ्घ र प्रदेश निर्वाचन सम्पन्न भएपश्चात कानुन बमोजिम उम्मेदवारले पेस गरेको निर्वाचन खर्चको विवरण सार्वजनिक गर्ने व्यवस्था गर्ने जनाएको छ।

आयोगले आइतबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा निर्वाचनका लागि उम्मेदवारले पेस गर्ने मनोनयन पत्र तथा संलग्न कागजात सर्वसाधारण मतदाताले पनि जानकारी पाउने गरी सार्वजनिक गर्ने व्यवस्था गर्ने निर्णय गरिएको जनाएको हो। नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने व्यवस्था गरिएको छ । "आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई निष्पक्ष, स्वच्छ, पारदर्शी र जिम्मेवार बनाउन तथा मतदाताले अधिकतम् जानकारी पाउने वातावरण बनाउन आवश्यकताका आधारमा निर्वाचन आयोगमा सुझाव पठाउने निर्णय गरिएको छ", सूचना आयुक्त कमला वलीले भन्नुभयो।

# पोखराको रामघाटमा सेतीगण्डकी महाआरती

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ असोज**

सांस्कृतिक युवा मञ्च नेपालद्वारा रामघाटमा प्रत्येक महिनाको शनिबार माता सेतीगण्डकी दिव्य महाआरती सञ्चालन गर्दै आएको छ। बालुवा बोकेर दैनिकी चलाउने मजदुर र शव दाहसंस्कार गर्नेहरूले व्यस्त देखिने पोखराको मध्यभागमा अवस्थित उक्त घाटमा प्रत्येक शनिबार पितृ उद्धार एवं सुख, शान्तिको कामनासहित सन्ध्या महाआरती सञ्चालन गरिँदै आएको छ।

तीन जना पण्डितद्वारा गरिने गरिने सन्ध्याआरतीमा विशेषगरी धुप, घ्यू, ल्वाङदानी, कपुर, फूलपाती, मयुर पङ्ख, सेतो चमर, अलैंचीदाना, लाछीघागोलगायतका विभिन्न सुगन्धित वस्तुको प्रयोग गरिने सांस्कृतिक युवा मञ्च नेपालका अध्यक्ष रामकृष्ण अर्यालले जानकारी दिनुभयो । सङ्गीतमयरूपमा शङ्ख उद्घोषबाट सुरु र अन्त्य गरिने आरतीमा ५४



वटा बत्ती रहने बताउँदै उहाँले भन्नुभयो, साँझमा सञ्चालन गरिने आरतीमा दिनप्रतिदिन भक्तजनहरूको सहभागिता बढ्दै गएको छ। समाजसेवी रामप्रसाद बतास र श्रीमती सेतीमाया बतासद्वारा पितृ उद्धारका लागि दुई लाख ५० हजारको आर्थिक सहयोगबाट आरती सञ्चालन हुँदै आएको उहाँको भनाइ छ। प्रतिदिन आरती सञ्चालनमा रु आठ हजार खर्च हुने गरेको छ। जेष्ठ नागरिक सरोकार समाज नेपालका अध्यक्ष तथा मञ्चका सल्लाहकार भक्तराज श्रेष्ठका अनुसार दिनभरिको तनाव मुक्तिका लागि आरती महत्वपूर्ण आधार बन्ने गरेको बताउँदै यस्ता गतिविधिले धार्मिक पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुग्दछ। पशुपतिनाथको महाआरतीको झझल्को दिने गरी सुगन्ध र सङ्गीतमयरूपमा सञ्चालन हुने आरती विसं २०७५ असोज २४ घटस्थापनका दिनदेखि पोखरामा भित्रिएको हो । पहिलोपटक फेवातालको किनारास्थित तालबाराहीघाटबाट सुरु भएको आरती पछिल्लो समय रामघाटसहित प्रसिद्ध धार्मिकस्थल विन्ध्यवासी मन्दिर, गुप्तेश्वर गुफा, सदाशिव हरिहर मन्दिर, नर्वदेश्वर मन्दिर, बेगनासताललगायत विभिन्न धार्मिक क्षेत्रमा सञ्चालन गरिसकिएको छ।

# पोखरेली युवा साँस्कृतिक परिवारको अध्यक्षमा पौडेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ असोज**

पोखरेली युवा सांस्कृतिक परिवारको अध्यक्षमा उपेन्द्र पौडेल चयन भएका छन्।

हालै भएको अधिवेशनले परिवारको उपाध्यक्षमा रीता अधिकारी ऋतु, सचिवमा डा.चैतन्य अधिकारी,



कोषाध्यक्षमा अर्जुन अधिकारी, सहसचिवमा शिव त्रिपाठी, सहित्य संयोजक डा.शरण आँसु, संगीत संयोजकमा एम डि काफ्ले, कला संयोजकमा उमेद पौडेल, सदस्यहरुमा क्रमश हसिना बस्नेत, शिव संकल्प, दीपेन्द्र थापा, प्रकाश आचार्य र मिलन गिरी रहेका छन्।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो सममयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको सममयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।
- जर्ज बार्वर

## सम्पादकीय

# प्रतिबद्धता ब्यवहारमा देखिनुपर्छ

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वस्नीय बनाउन आचारसंहिता पालना गर्ने प्रतिबद्धता दलहरूले गरेका छन।मंसीर ४ गते हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका सन्दर्भमा जारी हुने निर्वाचन आचारसंहिता सरकार र दलहरूले इमान्दारीपूर्वक पालन गर्ने प्रतिबद्धता जाहेर भएको छ। निर्वाचन आयोगले प्रधानमन्त्री, गृहमन्त्री र राजनीतिक दलका अध्यक्ष एवं प्रतिनिधिलाई बोलाएर निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयमुक्त वातावरणमा सम्पन्न गर्न गराउन आचारसंहिता पालनाका लागि प्रतिबद्धता लिएको छ।सरकारले निर्वाचन आयोगको निर्देशन पटकपटक अवज्ञा गरेको छ।सचिवको सरुवा गरेर निर्णय सार्वजनिक नगर्ने सरकारले प्रतिबद्धता पालना गर्छ भनेर पत्याउने ठाउँ छैन ।

आयोग र विदेशीलाई देखाउन प्रतिबद्धता जनाउने गरेको छ । सरकार र दलहरूले जनाएको प्रतिबद्धतापत्रमा भनिएको छ, 'संविधान, निर्वाचन आयोग ऐन, राजनीतिक दलसम्बन्धी ऐन, निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, प्रदेशभा सदस्य ऐन र निर्वाचन आचारसंहिता, २०७९ भएका प्रावधानहरु इमान्दारीका साथ पालना गर्न गराउन हामी प्रतिबद्ध छौं ।' प्रतिबद्धतापत्रमा नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा एमालेका उपाध्यक्ष सुवास नेम्वाङ, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, नेकपा माओवादी केन्द्रका नेता लीलामणि पोखरेल, राष्ट्रिय जनमोर्चाकी नेत्री दुर्गा पौडेल, लोकतान्त्रिक समाजवादी पार्टीका नेता केशव झालगायतले प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका छन ।

आयोगले जनता समाजवादी पार्टी, विवेकशील साझा पार्टी, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नेपाल संघीय समाजवादी पार्टी र नेपाल मजदुर किसान पार्टीलाई प्रतिबद्धता पत्रमा हस्ताक्षरका लागि आमन्त्रण गरेको थियो । निर्वाचन आचारसंहिता केही दिनभित्रै जारी गर्ने तयारी भइरहेको सन्दर्भमा आयोगले राजनीतिक दललाई बोलाएर प्रतिबद्धता लिएको छ । दलहरुबाट निर्वाचन आचारसंहिता पालना गर्ने गराउने विषयमा प्रतिबद्धता जाहेर भएको हुँदा अब पालना गर्नेछ दलहरूको ईमानदारीमा भरपर्छ । निर्वाचन आयोगले जारी गर्न लागेको निर्वाचन आचारसंहिताका विषयमा सत्ता गठबन्धनका नेताहरूले आफ्ना असहमति र केही सुझाव दिनुका साथै प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका छन ।

राजनीतिक दलले निर्वाचन प्रचारप्रसारको समय अपुग हुने भएकाले केही समय बढाउन माग गरेका छन।निर्वाचन आयोगले प्रचारप्रसारको लागि दिएको समय ब्यवहारिक छैन ।खर्चको सिमा पनि सबै ठाउँमा एकैखालको उपयुक्त देखिदैन ।काठमाडौं र ठूला शहरी क्षेत्रमा हेरेर लिएका निर्णय सबैका लागि उपयुक्त छैनन् । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फ यही असोज २ र ३ गते उम्मेदवारको बन्दसूची पेश भइसकेको छ । त्यसलाई सच्याउने मौका दलहरूलाई छ।बन्द सूची सार्वजनिक नभएसम्म बाहिर आएका कुरा कति सहि हो कुर्नुपर्छ ।

यदि समाचारमा आएका हुन भने समानुपातिक प्रणालीलाई गिज्याउने छ।समानुपातिकमा भएको कमजोरी सच्याएर राम्रो बनाउने मौका छ । पहिलो हुने निर्वाचित हुनेतर्फ यही असोज २३ गते उम्मेदवारको मनोनयन सकेसम्म सुधार्न ध्यान दिनुपर्छ । प्रतिनिसभा सदस्य २७५ र प्रदेशसभा सदस्यतर्फ ५५० सिटका लागि निर्वाचन हुन लागेको निर्वाचनलाई विश्वासिलो, मर्यादित र निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्ने सरकार र दलहरूको प्रतिबद्धता व्यवहारमा देखिनुपर्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# रेडियो तनहुँको अध्यक्षमा श्रेष्ठ

**पोखरापत्र संवाददाता**
**तनहुँ, ९ असोज**

तनहुँ सूचना समाज सहकारी संस्थामार्फत सञ्चालनमा आएको रेडियो तनहुँ ९७.२ मेगाहर्जको अध्यक्षमा दुर्गाकुमार श्रेष्ठ चयन हुनुभएको छ । तनहुँको शुक्लागण्डकी नगरपालिका-६ झरौटामा सञ्चालनमा रहेको रेडियोको अध्यक्षमा उहाँ चयन हुनुभएको हो ।

रेडियो प्रशारणमा आएको १५ वर्षपछि सञ्चालक समितिको नेतृत्व परिवर्तन भएको हो । शनिबार सम्पन्न १५औं वार्षिक साधारणसभा तथा छैटौं अधिवेशनमार्फत श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको हो । समितिको उपाध्यक्षमा रेशमलाल पौडेल, सचिवमा लालबहादुर श्रेष्ठ, कोषाध्यक्षमा सुजनकुमार श्रेष्ठ र सहसचिवमा नारायणदत्त अधिकारी चयन हुनुभएको छ । सदस्यमा समुन्द्रराम श्रेष्ठ, रामकुमार श्रेष्ठ, उमाकान्त श्रेष्ठ, पूर्णबहादुर थापा, यामबहादुर खाँण, राजेश्वर खनाल, सुन्दर बस्याल र बलराम मिश्र चयन हुनुभएको छ । अधिवेशनमार्फत गायत्रीप्रसाद पौडेलको संयोजकत्वमा हुमबहादुर खड्का, माधवप्रसाद अधिकारी, सुरजकुमार श्रेष्ठ र कुलप्रसाद गुरुङ सदस्य रहने गरी लेखा समिति गठन गरिएको छ । अधिवेशनले रेडियोको स्थापनाकालदेखि अध्यक्ष भई कार्यकाल सम्हाल्नुभएका प्रा डा चन्द्रबहादुर थापालाई संरक्षकका रूपमा राख्ने निर्णयसमेत गरेको छ ।

# हिमालका फेदीबाट पहाड झरे भेडीगोठ

**पोखरापत्र संवाददाता**
**बेनी, ९ असोज**

बर्खायाममा चरनका लागि हिमालका बुकीहरूमा पुगेका भेडीगोठहरू पहाडतर्फ झर्न थालेका छन् ।

गर्मी बढेसँगै गत असारमा चरनका लागि हिमालका फेदीसम्म पुगेका भेडीगोठलाई असोज पहिलो सातादेखि नै पहाडी भेगतर्फ झार्न लागिएको हो । हिमालका बुकीहरूमा चिसो बढेसँगै भेडीगोठलाई बिस्तारै तलतिर सार्न लागिएको भेडीगोठालाहरू बताउँछन् । म्याग्दीका गुर्जा, मुदी, ओखरबोट, मल्कबाङ, मराङ, कुइनेमङ्गले, चिमखोला, भगवती, दोवा, दाना, पाउद्वारलगायतका क्षेत्रमा व्यावसायिक भेडापालन हुँदै आएको छ । गुर्जाको चुरेन र पुथाआधार शिविरमा रहेका भेडीगोठ गाउँतर्फ सार्न सुरु गरिएको छ । हिमाली क्षेत्रमा करिब तीन महिनासम्म रहने भेडीगोठलाई बिस्तारै पहाडी जङ्गलतर्फ सारिएको विगत छ वर्षदेखि व्यावसायिक भेडापालन गर्दै आउनुभएका धवलागिरि गाउँपालिका-५ मल्कबाङका हिमबहादुर छन्त्यालले बताउनुभयो । "धौलागिरि आधार शिविरसम्म नै गोठ पुर्याएको थिएँ, चिसो बढ्न थालेपछि अहिले मयाले डाँडामा गोठ झारेका छौं, अब बिस्तारै यहाँबाट पनि बैंसीतर्फ नै गोठ सार्छौं", उहाँले भन्नुभयो । मलम्पारका भविराम छन्त्याल र शङ्कर छन्त्यालले पनि च्यामली आधार शिविरमा राखेको भेडीगोठलाई कोपा र धुरीबाङ खर्कमा सार्नुभएको छ । रघुगङ्गा गाउँपालिकाको चिमखोला र कुइनेमङ्गलेका भेडापालककृषकहरूलेचौरवन,रिखार, कालीबराहलगायतका बुकीहरूमा राखेका भेडीगोठलाई खर्कतिर सार्न थालेका छन् । धवलागिरि गाउँपालिका-४ मुदीका झर्सिङ मगर, खिमकल मगर र चनप्रसाद मगरलगायतले पनि हिमाली बुकीहरूबाट सिङकोसतर्फ भेडीगोठ सार्न थाल्नुभएको छ ।

मुस्ताङ र म्याग्दीको हिमालीबुकीसम्म गोठ लगेका रघुगङ्गा गाउँपालिकाको भगवती र बेगका भेडापालकहरूले समेत गोठलाई पहाडी क्षेत्रमा ल्याइसकेका छन् । उता अन्नपूर्ण गाउँपालिका-५ खयरखोला र वडा नं ३ दानाको लेकमा रहेका गोठहरू पनि न्यानो र चरनका लागि लेकका बुकीबाट खर्कतर्फ झरेका छन् । चरन, न्यानो र बिक्रीका लागि पनि गोठहरूलाई लेकका बुकीबाट बैंसीतर्फ लैजान सुरु भएको पाउद्वारका भेडापालक कृषक लालवीर तिलिजाले जानकारी दिनुभयो ।

# पहिराका कारण तरकारी बजार पुर्याउन समस्या

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ९ असोज**

बेनी नगरपालिका-५ डडुवामा उत्पादन भएको कृषि उपज बजारसम्म पुर्याउन समस्या भएको छ ।

बेनीदेखि पुलाचौर-चिप्लेटी-डडुवा जोड्ने सडकमा खसेको पहिरोका कारण यातायातका साधन सञ्चालन हुन नसक्दा तरकारी बजार पठाउन नपाएपछि कृषक मर्कामा परेका हुन् । डडुवाका अगुवा कृषक मोहन भण्डारीले प्रशस्त मात्रामा तरकारी र फलफूल पनि बजार पठाउन नसक्दा अपेक्षाकृत लाभ लिन नसकेको गुनासो गर्नुभयो ।

"सडक बनेपछि सजिलो होला भनेर व्यवसायिकरुपले तरकारी खेती थालेका थियौ," उहाँले भन्नुभयो "चिप्लेटी र डडुवाको बीचमा पर्ने हेकुले भन्ने ठाउँमा सडक भासिँदा यातायातको समस्या भयो ।" बर्खायाममा लामो समय यातायात बन्द हुँदा गोलभेडा, साग, सिमी, खुर्सानीलगायत तरकारी बेनीको बजारमा पठाउन समस्या परेको हो ।

डडुवादेखी चिप्लेटीसम्म डोकोमा बोकेर लैजाने र मङ्गला गाउँपालिकाको तल्लो डडुवा हुदै बेनी पठाउँदा ढुवानी खर्च महँगो पर्ने र बजारमा प्रतिस्पर्धा गर्न नसकिने अवस्था छ ।

करिब १०० घरपरिवारको बसोबास रहेको डडुवाका २० कृषकले व्यावसायिक तरकारिरुपले खेती गरेका छन् । दैनिक २० क्रेट टमाटर उत्पादन हुन्छ । खुल्ला जमिनमा पनि बन्दा, काउली, साग, गोलभेडा, सिमी, भन्टा, काँक्रो, क्याप्सीकम, खुर्सानी, ब्रोकाउली र अदुवा लगाइएका छन् ।


## पसल बिक्रीमा

**पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसुल विशेष कारणवस तुः विक्रीमा छ ।**

**सम्पर्कः**
९८२७१९९५८६
९८१९१७११७८


# डेङ्गु नियन्त्रण गर्न उच्च प्राथमिकता

**पोखरापत्र संवाददाता**
**दमौली, ९ असोज**

डेङ्गु सङ्क्रमण बढ्न थालेपछि तनहुँमा नियन्त्रण र रोकथामका लागि स्थानीय तहले उच्च प्राथमिकता दिएका छन् । डेङ्गुबाट सङ्क्रमण हुनेको सङ्ख्या बढ्न थालेपछि यहाँका स्थानीय तह यसको नियन्त्रणका लागि जुटेका हुन् ।

सदरमुकामस्थित व्यास नगरपालिकाले डेङ्गु नियन्त्रणका लागि शनिबारदेखि 'खोज र नष्ट गर' अभियान सुरुआत गरेको छ । कोभिड-१९ को सङ्क्रमणपछि अहिले पुनः डेङ्गुको जोखिम बढेकाले यसको नियन्त्रण गर्नुपर्ने स्थानीय सरकारको दायित्व रहेको व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । "कोभिड सङ्क्रमण विस्तारै अन्त्य हुने क्रममा छ, फेरि डेङ्गुले दुःख दिन थाल्यो", उहाँले भन्नुभयो, "हरेक विपद् समाधानका लागि स्थानीय सरकार प्रतिबद्ध छ ।" डेङ्गु नियन्त्रणका लागि लामखुट्टेले फुल पार्ने ठाउँ खोजी गरेर नष्ट गरिने नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले जानकारी दिनुभयो । "लामखुट्टेले फुल पार्न सक्ने सम्भावित स्थान जस्तै पानी जमेको ठाउँ, टायरमा जमेको पानीलाई नष्ट गर्ने अभियान सुरुआत गरेका छौं", उहाँले भन्नुभयो, "प्रत्येक वडामा जनप्रतिनिधिको नेतृत्वमा यो अभियान सुरु भएको छ ।"

'सबै जागौं, सबै लागौं : वरिपरि जमेको पानी हटाई डेङ्गु भगाऔं' नाराका साथ सुरु अभियानमा जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सङ्घसंस्था, शिक्षकलाई परिचालन गरिने जनाइएको छ । व्यास नगरपालिकाले मोटरसाइकल वर्कसपमा राखिएका टायरमा जम्मा भएको पानी फाल्नुका साथै सचेतना प्रदान गरेको छ ।

आँबुखैरेनी गाउँपालिकाले पनि डेङ्गुबाट बच्नका लागि 'खोज र नष्ट गर' अभियान सुरु गरेको छ । डेङ्गुको सङ्क्रमण बढ्दै गएकाले सतर्कताका लागि गाउँपालिकाले यो अभियान सुरु गरेको स्वास्थ्य शाखा प्रमुख अगमराज उपाध्यायले जानकारी दिनुभयो । डेङ्गुको व्यवस्थापन र नियन्त्रण गर्ने विषयमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले प्रतिकार्य योजना बनाइ विभिन्न गतिविधि सञ्चालन गर्न निर्देशन दिएसँगै गाउँपालिकाले प्रदेश र जिल्लासँगको समन्वयमा लामखुट्टेको लार्भा नष्ट गर्ने अभियान सुरु गरेको हो ।

"डेङ्गु लाग्न नदिनु सबैभन्दा उत्तम उपाय भनेको लामखुट्टेको टोकाइबाट जोगिनु हो, प्रायः दिनको समयमा सक्रिय रहने एडिज जातको लामखुट्टेको टोकाइबाट यो रोग लाग्छ", उहाँले भन्नुभयो, "यसबाट जोगिनका लागि कार्यालय समयमा पूरा बाहुला भएको पोशाक अनिवार्य गरिएको छ ।" यस्तै प्रत्येक शनिबार बिहान १० बजे १० मिनेट घरभित्र र बाहिर लामखुट्टेले फुल पार्ने ठाउँ खोजी गरी नष्ट गर्ने अभियान सञ्चालन गरिएको छ । यस अभियान कार्यान्वयका लागि स्थानीय जनप्रतिनिधिको नेतृत्वमा स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्यस्वयंसेविका, शिक्षक, पत्रकार, सङ्घसंस्था, टोलविकास समितिलाई परिचालन गरिएको छ ।

# बन्दीपुरमा 'एक विद्यालय, एक कम्प्युटर' अभियान

**पोखरापत्र संवाददाता**
**तनहुँ, ९ असोज**

बन्दीपुर गाउँपालिकाले ' एक विद्यालय, एक कम्प्युटर' अभियानअन्तर्गत १८ विद्यालयलाई कम्प्युटर प्रदान गरेको छ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न गाउँपालिकाले ती विद्यालयलाई कम्प्युटर प्रदान गरेको हो ।

गाउँपालिकाभित्र ३१ सामुदायिक विद्यालय छन् । चालु आवमा १२ र गत आवमा छवटा कम्प्युटर प्रदान गरेको हो । बाँकी रहेका १३ विद्यालयलाई पनि क्रमशः कम्प्युटर प्रदान गर्ने योजना रहेको गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाले जानकारी दिनुभयो । शैक्षिक गुणस्तरका आधारमा दण्ड तथा पुरस्कारको नीति अवलम्बन गरेको सो गाउँपालिकाले जनाएको छ । पालिकाका सबै जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी र शिक्षकले आफ्ना छोराछोरीलाई सरकारी विद्यालयमा अनिवार्य पढाउनुपर्ने नीति लिइएको छ। 'एक विद्यालय, एक विज्ञान प्रयोगशाला' विकासको अवधारणाअनुरुप क्रमशः सबै विद्यालयमा विस्तार गर्दै लैजाने कार्यलाई पनि निरन्तरता दिइएको उहाँले बताउनुभयो । गाउँपालिकाले सामुदायिक विद्यालयलाई अपाङ्गतामैत्री, आधारभूत खानेपानी तथा शौचालययुक्त र शिक्षा सिकाइलाई सहयोग पुग्ने सुरक्षित पूर्वाधार विकासमा जोड दिँदै आएको छ । गाउँपालिकामा रहेका सामुदायिक विद्यालयको संरक्षण र संवर्द्धनका लागि गाउँपालिकामा मर्मतसम्भार कोषको स्थापना गर्ने योजना बनाएको छ । आधारभूत तहसम्मको शिक्षालाई प्रवर्द्धन गरी विपन्न, कमजोर तथा पिछाडिएका वर्गका बालबालिकालाई विद्यालय पहुँचमा पुर्याउन विपन्न लक्षित कार्यक्रम सञ्चालन गरिएको छ ।

गाउँपालिकाभित्र रहेका गरिब तथा जेहेन्दार कक्षा १२ उत्तीर्ण गरेका छजना विद्यार्थीलाई वार्षिकरूपमा छात्रावृत्ति प्रदान गर्ने नीति अवलम्बन गरिएको छ । प्राविधिक शिक्षालाई प्राथामिकता दिँदै गाउँपालिकाका सबै सामुदायिक विद्यालयका दिवाखाजा कार्यक्रमलाई निरन्तरता दिँदै आएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नन्दलाल शर्माले जानकारी दिनुभयो । शैक्षिक सुधारका लागि एकाइ परीक्षाको नीति लिएर अघि बढिएको गाउँपालिकाले जनाएको छ ।

# तनहुँमा डेङ्गुबाट ८८ सङ्क्रमित

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ असोज**

तनहुँमा डेङ्गुबाट सङ्क्रमित हुनेको सङ्ख्या ८८ पुगेको छ । सदरमुकामस्थित दमौली अस्पताल, बन्दीपुर अस्पताल र शुक्लागण्डकीस्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा गरिएको परीक्षण अनुसार ८८ जनामा डेङ्गु पुष्टि भएको हो । दमौली अस्पतालमा तीन, बन्दीपुर अस्पतालमा सात र जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा ७८ जनामा डेङ्गु पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

डेङ्गु पुष्टि भएकामध्ये दमौली अस्पतालमा भर्ना भएर उपचार गराउने तीन जनामध्ये एक जना उपचारपश्चात घर फर्किएका छन् दुई जनाको उपचार भइरहेको अस्पतालका निमित्त प्रमुख डा राजु रानाले जानकारी दिनुभयो । बन्दीपुर अस्पतालमा भर्ना भएर सात जनाको उपचार गरिएकामा चार जना उपचारपश्चात घर फर्किएका छन् । जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा ७८ जनालाई डेङ्गु पुष्टि भएकामा २७ जना भर्ना भएर उपचार गराएका थिए । उपचाररत २७ जना नै उपचारपश्चात घर फर्किसकेको केन्द्रका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले जानकारी दिनुभयो । डेङ्गु परीक्षणका लागि स्वास्थ्य कार्यालयमा किट अभाव रहेको छ । स्थानीय तह र अस्पतालले नै किट खरिद गरेर परीक्षण गर्ने गरेकाले सहज भएको स्वास्थ्य कार्यालय तनहुँका प्रमुख अधिकारीले बताउनुभयो।"स्वास्थ्यकार्यालयमाकिट छैन, पालिकाले नै व्यवस्थापन गरिदिएकाले परीक्षणमा सहज भएको छ", अधिकारीले भन्नुभयो। लामखुट्टेको टोकाइबाट डेङ्गु हुने भएकाले लामखुट्टेको टोकाइबाट जोगिन आवश्यक रहेको चिकित्सक बताउँछन् । डेङ्गुको भाइरसबाट सङ्क्रमित लामखुट्टेको टोकाइले यो रोग सर्दछ । आजकल डेङ्गु ज्वरो नेपालको विभिन्न भागमा देखापरिरहेको छ। यो लामखुट्टेले विशेषगरी दिउँसो मात्र टोक्ने गर्दछ र वर्षात्को मौसम सुरु भएपछि डेङ्गु ज्वरोको प्रकोप बढ्न थाल्दछ ।

एक्कासी तीनदेखि पाँच दिनसम्म ज्वरो आउनु यो रोगको मुख्य लक्षण हो । यसरी आएको ज्वरो पाँचदेखि सात दिनसम्म रहिरहन सक्दछ । यसका साथै बेस्सरी टाउको दुख्नु, आँखाको गेडी दुख्नु, शरीरमा डाबर आउनु, अरुची हुनु, जोर्नी तथा मांशपेशी बेस्सरी दुख्नु, पेट तथा आन्द्रामा गडबडी हुनु पनि डेङ्गुको लक्षण रहेको दमौली अस्पतालका निमित्त प्रमुख डा रानाले बताउनुभयो ।

डेङ्गुबाट बच्नका लागि मुख्यतयाः लामखुट्टेको टोकाइबाट जोगिनुपर्दछ । पूरा शरीर ढाकिने गरी कपडा लगाउनु, लामखुट्टेको टोकाइबाट बच्न मल्हमजस्ता सामग्री प्रयोग गर्नु, सधैं राति र दिउँसो पनि झुलभित्र सुत्ने, घरवरपर खेतबारीमा काम गर्न जाँदा लामखुट्टेको टोकाइबाट बच्न ध्यान पुर्याउनु यसबाट बच्ने प्रमुख उपाय हुन् ।

# सृजनशिल लोकतान्त्रिक प्रतिष्ठानको रचना वाचन एवं शुभकामना आदानप्रदान

पोखरापत्र संवाददाता
पोखरा, ९ असोज

सृजनशिल लोकतान्त्रिक प्रतिष्ठानको नियमित मासिक कार्यक्रम अन्तर्गत रचना वाचन, शुभकामना आदानप्रदान एवं विद्यावारिधि उपाधि प्राप्त गर्ने सँस्थाका आजीवन सदस्य लाइ सम्मान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा सर्जकहरु डा नवराजन्यौपाने, डा जगन्नाथरेग्मी, डा भुमिराज बस्ताकोटी, कल्याण पन्त लक्ष्मण थापा, कृष्णप्रसाद त्रिपाठी, बिष्णुप्रसाद शर्मा, सुरज पौडेलले रचना वाचनका साथै शुभकामना आदानप्रदान गरेका थिए भने सँस्थाका पुर्व अध्यक्ष दिपेन्द्र पराजुलीले वाचन गरिएका रचनाहरूको समालोचना गरेका थिए । कार्यक्रममा बोल्दै भर्खरै मात्र विद्यावारिधी उपाधि प्राप्त गरेका सँस्थाका आजीवन सदस्यद्वय डा पितृराज बास्तोला र डा पीताम्बर पौडेललेे सम्मानित गरिएकोमा सस्थाप्रती कृतज्ञता प्रकट गरे ।

सस्थाका अध्यक्ष योगराज पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रम मदनप्रसाद बरालले सँचालन गरेका थिए ।

# पर्वतमा मौसमी रोगका बिरामी बढे

पोखरापत्र संवाददाता
पर्वत, ९ असोज

पर्वतमा पछिल्लो एक साता विभिन्न मौसमी रोगका बिरामीको चाप बढेको छ । मौसमको परिवर्तनसँगै फैलिने ‘भाइरल फिवर’ र ‘डेङ्गु’ तथा स्क्रबटाइफसको सङ्क्रमणका कारण पर्वत अस्पतालमा बिरामीको चाप ह्वात्तै बढेको छ।

सामान्य अवस्थामा दैनिक ६० देखि ८० जना बिरामी आउने गरेको पर्वत अस्पतालमा अहिले दैनिक दुई सयभन्दा बढीको सङ्ख्यामा बिरामी परीक्षणका लागि आउने गरेका छन् । अस्पतालको ‘ओपिडी’ विभागमा आएर स्वास्थ्य परीक्षण गराउने तथा भर्ना भएर उपचार गर्नेको सङ्ख्या उच्च रहेको अस्पतालका सूचना अधिकारी लक्ष्मण उपाध्यायले जानकारी दिनुभयो ।

उहाँका अनुसार मौसम परिवर्तनको बेलामा धेरैलाई प्रभावित बनाउने ‘भाइरल फिवर’ र लामखुट्टेको टोकाइबाट हुने ‘डेङ्गु’ को लक्षण एकै प्रकारको रहेका कारण पनि ‘डेङ्गु’ को आशङ्कामा स्वास्थ्य परीक्षण गर्न आउने बिरामीको चाप बढेको हो । सूचना अधिकारी उपाध्यायका अनुसार हालसम्म पर्वत अस्पतालमा स्वास्थ्य परीक्षणका लागि आएकामध्ये हालसम्म २५ जनामा ‘डेङ्गु’ को सङ्क्रमण भएको पुष्टि भएको छ । गत साउनको पहिलो हप्तामा कुश्मा नगरपालिकाका दुई युवामा ‘डेङ्गु’ को सङ्क्रमण रहेको पुष्टि भएको थियो । तीन महिनाको अवधिमा पर्वत अस्पतालमा मात्रै उक्त सङ्ख्या ‘डेङ्गु’ का बिरामी बढेको र यस्तै अवस्था जिल्लाका अन्य ठाउँमा पनि रहेको हुन् सक्ने उपाध्यायको भनाइ छ ।

“साउनको पहिलो हप्तामा दुई जनामा देखिँदा नागरिकमा जति डर थियो अहिले २५ जना पुग्दा पनि डराएको पाइँदैन । लामखुट्टेबाट जोगिनका लागि जेजे गर्नुपर्ने भनिएको छ, त्यो गरिएको पाइएको छैन”, उहाँले भन्नुभयो । ‘डेङ्गु’ सङ्क्रमण भएका बिरामीमध्येका धेरैजसो हिँडडुल नगरी एकै ठाउँमा बसिरहने कर्मचारी तथा व्यवसायी रहेका छन् । दिउँसोको समयमा टोक्ने लामखुट्टेबाट बच्नका लागि सावधानी अपनाउनुपर्ने भनिएका मापदण्ड पालना नगर्दा कार्यालयमा बसेर सेवा दिनेहरू बढी प्रभावित भएका छन् ।

यही बेलामा मौसम परिवर्तनको बेला भएकाले ‘भाइरल फिवर’ का बिरामीको सङ्ख्या पनि तीव्र बढिरहेको छ । पर्वत अस्पतालको तथ्याङ्कअनुसार अहिले दैनिक करिब दुई सय जनाको ओपिडीमा स्वास्थ्य परीक्षण हुने गरेको छ । ‘डेङ्गु’ र ‘भाइरल फिवर’ को लक्षण एकै प्रकारको हुने भएका कारण परीक्षणका लागि आएका धेरैले डेङ्गुको शङ्का गरे पनि उनीहरू ‘भाइरल फिवर’ का बिरामी रहेको उपाध्यायले बताउनुभयो । पर्वत अस्पतालका अनुसार स्वास्थ्य परीक्षणका लागि आएका एकजना बिरामीमा ‘स्क्रब टाइफस’ को पनि पुष्टि भएको छ । ‘स्क्रब टाइफस’ ‘ओरेन्सिया सुसुगामासी’ नामक ब्याक्टेरियाको कारणले हुने गर्छ । यो ब्याक्टेरियालाई मुसाबाट मानिसमा ‘चिगर माइट’ किर्नोले सार्ने गर्दछ । ‘स्क्रब टाइफस’ हुँदा उच्च ज्वरो आउने, असाध्य टाउको दुख्ने, आँखाको सेतो भाग रातो देखिने, कानमा कृत्रिम आवाज सुन्निने, सास फेर्दा असहज महसुस हुने, शरीरमा बिबिरा देखिने, पसिना आउनेलगायतका लक्षण देखा पर्ने चिकित्सकले बताएका छन् ।

# ‘चीज’ बनाउन सिकाउँदै गल्याङ नगरपालिका

पोखरापत्र संवाददाता
वालिङ, ९ असोज

स्याङ्जाको गल्याङ नगरपालिकाले यहाँका किसानलाई चीज बनाउने सीप सिकाएको छ । दूध उत्पादन बढ्दै गएपछि उहाँहरूलाई चीज बनाउने सीप प्रदान गरिएको हो ।

नेपाली बजारमा चीजको माग बढ्दो क्रममा रहेको र मूल्य पनि राम्रो पाइने भएपछि नगरपालिकाको पहलमा ‘फार्मर टु फार्मर’ कार्यक्रमअन्तर्गत अमेरिकी सरकारको प्राविधिक सहयोगमा ‘मोजरेल्ला चीज’ उत्पादनसम्बन्धी सीप प्रदान गरिएको पशु विकास शाखा प्रमुख सुशील अर्यालले बताउनुभयो ।

नेपाली बजारमा चीजको माग उच्च रहेकाले बजारको समस्या नहुने र मूल्य पनि राम्रो पाइने भएकाले किसानलाई नयाँ परिकार उत्पादन गर्नेतर्फ अभिप्रेरित गरिएको उहाँले बताउनुभयो । “अमेरिकाबाट आउनुभएका विशेषज्ञसँगै यहाँका किसानले सीप सिकिरहनुभएको छ”, उहाँले भन्नुभयो, “स्वादका हिसाबले गुणस्तरीयतामा जोड दिएका छौँ, गुणस्तरीय उत्पादन गरेपछि बजारीकरणको समस्या हुँदैन ।” गल्याङ-९ गेभास्थित मुरली एग्रोफर्म प्रालिमा अमेरिकाबाट आएका चीज विशेषज्ञमार्फत सीप सिकाइएको हो । दूध उत्पादन गर्दै आएको मुरली एग्रोफर्ममा आवद्ध चार जना किसानसहित स्थानीय १५ जना दुग्ध उत्पादक किसानले सीप सिकेका छन् । चीज गाउँ ठाउँकै लागि नयाँ र नौलो भएकाले पनि यहाँका दुग्ध उत्पादक आकर्षित भएका छन् ।

“दूध उत्पादन गर्दै आएका छौँ, हाम्रो फर्मको उद्देश्य नै यहाँको दूध यहीँ खपत गर्नुपर्छ भन्ने हो”, मुरली एग्रोफर्मका सञ्चालक कुसुम भण्डारीले भन्नुभयो, “हाम्रो उद्देश्य अनुरुपकै कार्यक्रम नगरपालिकाले यहाँ सञ्चालन गरिदियो हामी निक्कै खुसी छौँ ।” गाईपालनसम्बन्धी तरिकासहित चीज बनाउनका लागि निक्कै उत्साहित भएर यहाँका किसान लागेको सञ्चालक भण्डारीको छ । दूधबाट भन्दा पनि चीजबाट मूल्य धेरै पाइने, बजारको समस्या नहुने, नयाँ र नौलो परिकार बनाउने सीप पाएपछि व्यवसाय थप प्रभावकारी हुने उहाँको दाबी छ । उपभोगसँग मात्रै रमाएको पुस्तालाई उत्पादनसँग जोड्नका लागि नगरपालिका निरन्तर अगाडि बढेको नगर प्रमुख गुरुप्रसाद भट्टराईले बताउनुभयो ।

घर-घरको आर्थिक विकास नहुँदासम्म पालिकाको समृद्धि सम्भव नहुने उहाँको बुझाइ छ । “गल्याङ नगरपालिका कृषि र पशुपालनमा सम्भावना बोकेको र ग्रामीण भेग भएको ठाउँ हो”, उहाँले भन्नुभयो, “यहाँ जे जे कुराको सम्भावना हुन्छ, यहाँको हावापानी, भूगोलकै आधारमा सम्भावनाको खोजी गरी अगाडि बढ्दै छौँ ।”

युवाशक्ति विदेश पलायन भइरहेको अवस्थामा उनीहरूलाई यहीँ रोक्दै युवा पुस्तालाई उत्पादनसँग जोड्दै आर्थिकस्तर उकास्नका लागि महत्वपूर्ण भूमिका खेल्ने विश्वास उहाँको छ । नगरपालिकाले यहाँका सम्भावनाको खोजी गर्नुका साथै उत्पादन, बजारीकरण, उचित मूल्य प्राप्तिका लागि पहल गर्ने नीति तथा योजनासहित अगाडि बढेको दाबी उहाँको छ । चीज विशेषगरी होटल तथा रेष्टुरेन्टमा पिज्जामा प्रयोग गर्नका लागि माग हुने गरेको छ ।


## माईग्रेशन सर्टिफिकेट हराएको सूचना

**महेन्द्रपुलबाट बगर जाँदै गर्दा मेरो माईग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न बमोजिमको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।**

**नाम : जसमिन राना**
**सिम्बोल नं.: १६६२९५३४**
**सम्पर्क नं. : ९८२६६३३६८**


# मेजर डा. शुक्लालाई गल्फ उपाधि

पोखरापत्र संवाददाता
पोखरा, ९ असोज

नवौं राष्ट्रिय खेलकुदमा चार पुरुष र तीन महिला गल्फर प्रशिक्षणमा व्यस्त रहँदा प्रतिस्पर्धात्मक खेल खेल्दै पाका गल्फरले उनीहरुलाई साथ दिएका छन् । प्रतिस्पर्धा पोखरा-१४ हिमालयन गल्फ कोर्षमा भएको थियो ।

युवा खेलाडीको मनोबल उच्च बनाउने ध्येय सहित पोखराका पाका गल्फरहरु बीच मन्थली मेडल प्रतिस्पर्धा गरिएको थियो । प्रतिस्पर्धामा पाका सहभागिता जनाउँदा नवौंको लागि छनोट भएका



खेलाडीहरु भने उनीहरुको स्ट्रोक हेर्न व्यस्त थिए ।

स्टेबल फोर्ड फुल ह्याण्डीक्यापमा भएको प्रतिस्पर्धाको उपाधि मेजर डा. अमरेश नारायण शुक्लाले जिते । २४ ह्याण्डीक्यापका उनले ३६ स्कोरसहित उपाधि जित्दा १८ ह्याण्डीक्यापका क्याप्टेन कृष्ण पुन भने ३६ अंकसहित उपविजेतामा रहे । विजेतालाई कास्की जिल्ला गल्फ संघका पदाधिकारी लगायतका विभिन्न व्यक्तित्वले पुरस्कार प्रदान गरेका थिए ।

प्रतियोगितामा २४ जना गल्फरले सहभागिता जनाएका थिए । ग्रस तर्फको विजेता भने गणेशकुमार गुरुङले हात पारे । उनी १० ह्याण्डी क्यापका खेलाडी हुन् ।

उनले २६ स्कोरसहित ग्रसको विजेता बनेको हिमालयन गल्फ कोर्षका व्यवस्थापक भूबहादुर गुरुङ(भुवन)ले बताए । व्यवस्थापक गुरुङ नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका गल्फका प्रशिक्षक समेत हुन् । उनकैप्रशिक्षकत्वमा खेलाडीहरुले नियमित प्रशिक्षण लिईरहेका छन् ।

# चोयाका पोशाक लगाउने भरीबहादुर

-धुवसागर शर्मा
म्याग्दी, ९ असोज (रासस)



बाँस र निगालाको चोयाबाट बनाइएका घरायसी प्रयोजनका समाग्रीहरु त हामी सबैले प्रयोग गर्दै आएका छौँ तर शिरदेखि पाउसम्मै चोयाबाट बुनेका पोशाक लगाएर गाउँका मेलापातदेखि सहरमा हुने पर्व, महोत्सवमा पुग्नाका साथै सोही पोशाकबाट आम्दानीसमेत गर्ने कोही व्यक्ति देख्नुभएको छैन भने म्याग्दीको मालिका गाउँपालिका वडा नं २ रुमको बेली गाउँमा जानुहोस् ।

टोपीदेखि जुत्तासम्म चोयाकै पोशाक लगाएर जीविकोपार्जन गर्दै आउनुभएका व्यक्ति हुनुहुन्छ, रुम बेली तल्लो गाउँका ४९ वर्षीय भरीबहादुर पर्तेल । विगत दुई वर्षदेखि चोयाका पोशाक तयार पारी तिनलाई लगाएर विभिन्न मेला पर्वमा प्रदर्शन गरी उहाँले जीविकोपार्जन गर्दै आउनुभएको छ । जङ्गलबाट निगालो ल्याइ त्यसबाट चोया निकालेर उहाँले टोपी,कोट,इस्टकोट,पाइन्ट,जाँग्,जुता,झोला,मनिव्यागलगाएत पोशाकहरु बनाउने र आफूले बनाएका ती पोशाकहरु लगाएर गाउँघर तथा शहरबजारमा पुग्ने गर्नुहुन्छ । आधुनिक युगमा पनि पर्तेलले चोयाँका पोशाक लगाएर डुलेको देख्दा कति मानिसहरु छक्कै पर्ने गर्दछन् भने कतिले उहाँको कलालाई सम्मान गर्दै पैसा दिएर प्रोत्साहन पनि गर्ने गर्दछन् । शौखिन व्यक्तिहरुले पर्तेलले बनाएका चोयाका कपडा किनेर घरमा सजाउने समेत गरेका छन् । “मेरो आम्दानीको श्रोत भनेकै यही कला हो । मैले चोयाबाट शिरदेखि पाउसम्म लगाउने पोशाक बुन्न जानेको छु, उहाँ भन्नुहुन्छ ।

पर्तेलको घरमा चार छोरा,एक छोरी र श्रीमती छन् । छोराहरु अलग भएर बसेका छन् भने छोरीको विवाह भइसकेकाले घरमा दुई दम्पतिमात्र छन् । बिहान उठेर नजिकको जङ्गलमा गई निगालो ल्याउने, चोया बनाउने र त्यसकै पोशाक तथा अन्य कृषि सामाग्रीहरु बुनेर दिन बिताउने गनुभएका उहाँ चोयाका पोशाक बेचेरै वर्षमा रु एक लाख बराबरको आम्दानी गर्दै आएको बताउनुहुन्छ । चोयाका पोशाक लगाएर गाउँघर र सहर बजार जाँदा मानिसहरुले त्यस्ता पोशाक लगाएको देखेर खुशी हुँदै पैसा समेत दिने गरेका र अहिलेसम्म त्यसरी रु ६० हजार भन्दा बढी कमाएको पर्तेलको भनाइ छ । हिजोआज गाउँघरका युवायुवतीले उहाँले लगाउने चोयाका पोशाक मागेर लगाइ टिकटक बनाउने र त्यसबापत रु एक सय दिने गरेका छन् । पर्तेल भन्नुहुन्छ, “अहिले त मेरा चोयाका पोशाक भाडामा समेत जाने गरेका छन्, केटाकेटीहरुले मेरा पोशाक लगाएर मोबाइलमा फोटो खिच्छन्, टिकटक बनाउछन् र बदलामा मलाई पैसा दिने गरेका छन् ।”

शनिवार बेलीको जन विकास आधारभूत विद्यालयमा आयोजित एक कार्यक्रममा चोयाका पोशाकहरु प्रदर्शन गरेर नै उहाँले रु तीन हजार भन्दाबढी आम्दानी गर्नुभयो । पर्तेलको सीपको सम्मान गर्नु पर्ने र उहाँलाई प्रोत्साहित गरेर यस्तो कला प्रवर्द्धनमा जोड दिनुपर्ने स्थानीय समाजसेवी विष्णु पुन बताउनुहुन्छ ।

पर्तेलले पोशाकका अतिरिक्त चोयाँबाट डोका, नाम्ला, भकारी,थुन्सेलगायत घरायसी कृषि सामाग्रीहरु पनि बनाउने गर्नुभएको छ । यस्ता सामाग्रीहरु गाउँघरमा फाट्ट फुट्ट बिक्री हुने गरे पनि यो पेशा व्यवसायिक हुन नसकेकाले आफूले पोशाक बनाएर प्रर्दशन तथा बिक्री वितरण गर्न थालेको उहाँको भनाइ छ । आफूले बनाएका चोयाका पोशाक जिल्लाका नेताहरु र प्रशासन प्रमुखहरुलाई उपहार दिने र त्यसको बजारीकरणमा सहयोग गर्न अपिल गर्ने आफ्नो चाहनाभएको पर्तेल बताउनुहुन्छ । “चोयाका पोशाक बनाउन सजिलो छैन, निकै मिहिनेत गर्नुपर्छ,” उहाँ भन्नुहुन्छ, “यस्ता पोशाकले हाम्रो पुरानो जीवन र पुर्खाहरुको त्यतिबेलाको अवस्थालाई पनि सम्झाउँछन् ।”स्थानीय सरकार वा सम्बन्धित निकायले सहयोग गरेमा आफूले अझ राम्रा हस्तकलाका सामाग्रीहरु बनाउन सक्ने पर्तेलको भनाइ छ।

# शल्यक्रिया सेवाले जिल्लावासीलाई राहत

पोखरापत्र संवाददाता
तनहुँ, ९ असोज

तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रले नियमितरुपमा शल्यक्रिया सेवा सञ्चालन गरेपछि सर्वसाधारणलाई राहत भएको छ । उक्त केन्द्रले साना तथा ठूला शल्यक्रिया सेवा सञ्चालन गरेपछि बाहिरि जिल्ला जानुपर्ने बाध्यता अन्त्य भएको हो ।

उपचार केन्द्रमा बिहीबारमात्रै पित्तथैलीमा पत्थरीको सफल शल्यक्रिया गरिएको थियो । शुक्लागण्डकी नगरपालिका-७ निवासी ६१ वर्षीया कुमारी गाहा मगरको पित्तथैलीमा पत्थरीको उक्त उपचार केन्द्रमा गरिएको शल्यक्रिया सफल भएको हो ।

जिल्लामै शल्यक्रिया सेवा पाएपछि उपचारका लागि पोखरा, चितवन वा अन्यत्र जानुपर्ने बाध्यता हटेको उहाँले बताउनुभयो । “बाहिर उपचार गर्न जाँदा खर्च बढी हुन्थ्यो, आफ्नो घर नजिकैको अस्पतालमा शल्यक्रिया सेवा पाउँदा सहज भयो,” उहाँले भन्नुभयो ।

उक्त केन्द्र नियमितरुपमा शल्यक्रिया सेवा सञ्चालन भएपछि सामान्य शल्यक्रियाका लागि पनि पोखरा, भरतपुरलगायत ठूला शहरमा जानुपर्ने बाध्यता अन्त्य भएको उपचार केन्द्रका कार्यकारी निर्देशक डा. रामकुमार श्रेष्ठले जानकारी दिनुभयो । केन्द्रले हर्निया, मलद्वार फाटेको, हाडजोर्नीलगायतमा शल्यक्रिया सेवा दिइरहेको उहाँले बताउनुभयो। “यहाँ नियमितरुपमा सञ्चालन भएको शल्यक्रिया सेवा तनहुँलगायत आसपासका जिल्लावासीलाई सहज भएको छ,” डा. श्रेष्ठले भन्नुभयो। केन्द्रमा हाडजोर्नीविशेषज्ञ डा. विद्याभुषण ताम्राकार, सर्जन डा. परिवर्तन बराल, एनेस्थेसियोलोजिष्ट डा. रमेश घिमिरे, डा. अभिषेक पौडेललगायत हुनुहुन्छ। केन्द्रबाट शल्यक्रिया सेवा सुरु भएपछि तनहुँसँगै सीमा जोडिएका स्याङ्जा, पाल्पा, नवलपुरका सर्वसाधारणलाई पनि राहत भएको छ । केन्द्रमा तीन विशेषज्ञ र नौ मेडिकल अधिकृत कार्यरत छन् । उक्त केन्द्रले विशेषज्ञ चिकित्सकबाट हाडजोर्नी तथा नशारोग, जनरल सर्जरी, इन्टरनल मेडिसिन सेवा प्रदान गर्नाका साथै केही समय अगाडिदेखि कल्चर सेवा पनि शुरु गरेको छ । बिहान १० देखि ४ बजेसम्म ओपिडी सेवा, चौबिसै घण्टा इमर्जेन्सी सेवा, ल्याब, भिडियो एक्सरे सेवा, माइनर अप्रेशनलगायत सेवा पनि उक्त केन्द्रबाट सञ्चालन भइरहेको छ । पचास शैयायाको उक्त केन्द्रमा सवारी दुर्घटनाका घाइतेको अलावा झाडापखला, टाइफाइड, ज्वरो, ग्याष्ट्रिक, पेट सम्बन्धी र हाडजोर्नीका बिरामीहरु नियमित आउने गरेका छन् । दक्षिण एसियाकै उत्कृष्ट श्वासप्रश्वास उपचार केन्द्रको रुपमा स्थापना गर्न सरकारले केही वर्ष अघि पूर्वप्रधानमन्त्री स्व.गिरीजाप्रसाद कोइरालाको नाममा राष्ट्रिय स्तरको श्वासप्रश्वास उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो । सोहीअनुसार शुक्लागण्डकी नगरपालिकाको बेलचौतारामा सात सय ४० रोपनी जग्गा उपचार केन्द्रको नाममा प्रदान भइसकेको छ ।

उक्त केन्द्रमा तनहुँको शुक्लागण्डकी नगरपालिका, भीमाद नगरपालिका, म्याग्दे गाउँपालिका, रिसिङ गाउँपालिकासहित स्याङ्जा, पाल्पा र नवलपरासी जिल्लाका केही गाउँपालिकाका जनता पनि सेवा लिन आउँछन् ।

सरकारले चालु आर्थिक वर्षको बजेट भाषणमार्फत् उपचार केन्द्रमा पूर्वाधार निर्माणका लागि सहयोग गर्ने घोषणा गरेको थियो। केन्द्रमा अक्सिजन प्लान्ट जडान गरी अक्सिजन उत्पादन भइरहेको छ । रु दुई करोड १८ लाखको लागतमा जडान गरिएको अक्सिजन प्लान्टबाट दैनिक एक सय सिलिण्डर अक्सिजन उत्पादन हुन्छ ।